# स्वावलम्बन Self-reliance

शहरी गरीवहरूको लागि समान (सुप) द्वारा प्रकाशित

1992 SOUP

वर्ष ११ अंक १६ | वि.सं. २०६९ भदौं/ने.सं. ११३२/ई.सं. २०१२


## सामाजिक सेवामा समर्पित नेपाली हातहरू !!!

जुनसुकै काम चाहे व्यक्तिगत होस् या सामुदायिक पहिले नै प्रश्न आउँछ आर्थिक व्यवस्था कहाँबाट कसरी गर्ने ? पक्कै पनि अर्थ विना काम ब्यर्थ नै छ । त्यसैले नेपाली उखान नै छ "चिबेको छोरो भद्रेको नाति जुनकुरा गर पैसा छ माथि" तर याद गर्नुपर्ने कुरा के हो भने पैसा हुँदैमा सबै काम राम्ररी नै सम्पन्न हुन्छ भन्ने चाँही पक्कै होइन राम्रो काम सम्पन्न गर्न इमान्दारी, जिम्मेवारी र प्रतिबद्धताको पनि उत्तिकै जरुरत पर्दछ । यी तीन कुरालाई मनन गरी काम गर्न सके परिणाम राम्रो नै हुन्छ भन्ने उदाहरण सुपका सहयोगी सदस्यहरूले थप गर्दै सहयोग गरी "सुप"को कामप्रति उदारता देखाईरहनु नै हो ।

यस्तै कुरा गर्दा "सुप"को १७ औं साधारण सभा "सुप" कैभवन शिलान्यास गरी पचली भैरबको पाटीमा जम्मा भई गरेको प्रसंगबाट जोड्न मन लाग्यो । सबै जम्मा भई जेष्ठ सुप सहयोगी सदस्य गणेश कुमारी अमात्यज्यूका प्रमुख आतिथ्यमा उद्घाटन भईसकेको थियो । बत्ती आफ्नै तालमा नाच्दै, बल्दैथियो । करिव १०० जना भन्दा बढी सहभागीहरूको माझमा "सुप"का कृयाकलाप र आर्थिक गतिविधि प्रस्तुत गर्ने काम नियमानुसार सचिव र कोषाध्यक्षज्यूहरूले आफ्नो जिम्मेवारी पूरा गरी सकेका थिए । अव पालो रह्यो संस्थापक अध्यक्षको हैसियतले सुप भवनको महत्त्व र यसलाई पूरा गर्न सबैको सहयोगको आवश्यकता र सहयोग किस्ताबन्दीमा समेत गर्न सक्ने कुरा अनुरोध गरेपछि सहभागीहरूको विचमा उत्सुकता जगायो । सुप भवनको लागि सहयोग गर्ने किनकी सुप भवन बनाउने कुरा उठ्ने वित्तिकै पाँच लाख पचास हजारको सहयोग गर्ने प्रतिबद्धता जाहेर गरि सक्नु भएको थियो, प्रमुख अतिथिका रुपमा उपस्थित गणेश कुमारी अमात्यज्यूले । यस कुराले पनि सहभागीहरूलाई हौसाएको हुनुपर्दछ त्यसैले होला सहभागीहरू आफ्नो तर्फबाट रकम तोकी उद्घोष गर्न चाहन्थे छिटो भन्दा छिटो । धमाधम चिट आउन थाल्यो, नाम सहित दाम दिने प्रतिवद्धताको । करीव आधाघण्टाको विचमा चारलाख भन्दा बढी सहयोग गर्ने महानुभावहरूको नामाबली आई पुग्यो सबै सुप सदस्य साथीहरू खुसी थियौं त्यस किसिमको वातावरणले । सही काम गर्न सके नेपालीहरूको मन ठूलो छ दिने र गर्ने काममा पछि हट्दैनन् । जसबाट हामीले धेरै राम्राकामहरू गर्न सक्छौ ।

हुन त सुप संस्थाले सुप भवनका लागि मात्र होइन जुनसुकै काम यसरी नै पूरा गर्ने गरेका छौं । यसका लागि सम्पूर्ण सहयोगी

बाँकी पेज ३ मा.........

## सुप सहयोगी सदस्य परिचय

### ईश्वरी श्रेष्ठ



वि. सं. २०३९ साल चैत्र महिनामा काठमाडौंको वडा नं. २१ स्थित इकुननीमा जन्मनु भएकी श्री ईश्वरी श्रेष्ठ स्वास्थ परिचारिका (नर्स) को रूपमा Royal Adelaide Hospital, Australia मा कार्यरत हुनुहुन्छ । सामाजिक सेवा भनेकै के हो भन्ने राम्ररी थाहा नभएको बेला देखि नै "मचापुचः" भन्ने बाल समूह मार्फत सामाजिक सेवामा लागेकी ईश्वरी श्रेष्ठ यसको श्रेय सुप संस्थाका संरक्षक श्री गुजेश्वरी श्रेष्ठलाई दिनु हुन्छ ।

म करीव ११ वर्षको उमेर देखि नै म मचापुचःको सदस्य, अनि अध्यक्षको रूपमा काम गर्दै आउँदा सुपको बारेमा राम्ररी थाहा नभए पनि यस मचापुचःलाई "सुप"ले आर्थिक र प्राविधिक सहयोग सल्लाह दिँदै गरेको अवश्य थाहा थियो । पछि ठूलो हुँदैजाँदा सुपको बारेमा अझ बढी जानकारी हुँदै गयो । सुपको कार्यबाट म प्रभावित हुँदै गएँ । जव म केही कमाउन थालें । त्यसबेला देखि नै आफूले सक्ने थोरै भएपनि सुपलाई सहयोगी सदस्यको रूपमा रही २०६० सालबाट सहयोग गर्न थाले । सामाजिक सेवा गर्ने संस्था धेरै छन् तर विदेशी संस्थाको मात्र भर नपरी आफ्नै विभिन्न कार्यक्रम तथा स्वदेशी समाजसेवीद्वारा संकलित रकमबाट कार्यक्रम संचालन गरी संस्था आफै स्वावलम्बन भई कार्य गरिरहनु निकै प्रशंसनीय छ । जुन सुप संस्थाले गरिरहेको छ ।

म अरु आफ्ना साथीहरूलाई पनि "सुप" संस्थाले गर्ने कार्यक्रमको बारे जानकारी उपलब्ध गराउँदै उत्प्रेरणा जगाउँदै आइ रहेकी छु । सुपको यस छात्रवृत्ति कार्यक्रमबाट धेरै जना गरीव जेहेन्दार विद्यार्थीहरूको जीवनमा सुनौलो अवसर प्राप्त गर्न सफल भएका छन् । यो कुरामा म दृढ विश्वासको रूपमा भन्न सक्दछु किनकी म पनि त्यहि विद्यार्थीहरू मध्ये एक हुँ । आउने दिनहरुमा बढी भन्दा बढी नेपालीहरुले यो कार्यक्रमलाई भित्री मनदेखि सहयोग पुऱ्याउन सफल होस् र धेरै भन्दा धेरै विद्यार्थीहरूलाई छात्रवृद्धि पुऱ्याउन सकोस् भन्ने शुभ-कामना व्यक्त गर्न चाहन्छु ।

## दोस्रो जैविक कृषि तथा एकीकृत मित्र जीव व्यवस्थापन तालिम सम्पन्न

शहरी गरीवहरूका लागि समाज (सुप) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगार्थ गत वर्ष मच्छेगाउँ एकल महिला समूहमा सम्पन्न गरिएको जैविक कृषि तथा एकीकृत मित्र जीव व्यवस्थापन तालिम यस वर्ष कीर्तिपुर वडा नं. १५ क्वारको ज्वजलपा माँ पुच: का महिला समूहमा वि.सं.२०६९/१/५ देखि २०६९/४/४ गतेसम्म संचालन गरियो । चार महिने तालिममा महिला सदस्यहरूको बाक्लो सहभागिता र सक्रीयताका कारण तीन महिनामा नै पुरा हुन गएको खुसीका साथ ज्वजलपा माँ पुच:ले गत साउन १२ गते क्वार गुठी भवनमा, कीर्तिपुर न.पा.का प्रमुख तथा कार्यकारिणी अधिकृत श्री रामलाल श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा विभिन्न कार्यक्रमहरू गरि समापन समारोह गरियो ।

उक्त समापन समारोहमा ज्वजलपा माँ पुच:का महिला दिदी-बहिनीहरूले साह्रै उत्साह र तयारीका साथ आफूले तीन महिनामा यस तालिमबाट प्राप्त ज्ञानलाई प्रतिवेदन, गाना र नाटकद्वारा प्रस्तुत गर्नुभएको थियो । प्रशिक्षक बालानानीज्यूको सहकार्यमा संचालन गरिएको यो तालिममा गोलभेडा, काउली र भाण्टा खेती रासायनिक मल तथा विषादीहरूको प्रयोग नगरि आई. पि. एम. को सिद्धान्तद्वारा घरेलु मलको प्रयोगले स्वस्थ्य बाली उत्पादन गर्न सिकाइएको थियो ।

२५ जना सदस्य रहेको यस ज्वजलपा माँ पुच: का महिलाहरूले यसै समूहका सदस्य नानीमाया महर्जनज्यूको १ रोपनी जग्गा भाडामा लिएर सामूहिक रुपमा तरकारी खेतीको तालिम गरेका थिए । उक्त जग्गाबाट कूल १६० के.जी. गोलभेडा, ८० के.जी. काउली र ३०० के.जी. भाण्टा उत्पादन गरि बिक्री गर्न पाउँदा ज्यादै खुसी व्यक्त गर्नुभयो । उहाँहरूले यस तालिमबाट सिकेका कुरा आफ्ना घर-छिमेकीलाई पनि सिकाउने र आगामी दिनहरूमा आई. पि. एम. पद्धतिबाटै अर्को ठूलो जग्गा भाडामा लिई सामुहिक रुपमा खेती गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।



समापन समारोहको अन्त्यमा प्रमाण-पत्र वितरणको साथै निकै सहुलियत दरमा कार्यक्रममा पाल्नुभएका महानुभावहरूलाई तरकारी बिक्री गरि रू. १५०००।- रकम जम्मा गर्न सफल हुनुभयो ।

यस्तो आई.पि.एम. कृषि तालिमबाट एकातर्फ स्वच्छ वाली उत्पादनमा मद्दत मिलेको छ भने अर्को तर्फ रासायनिक मल र विषादीको प्रयोग विना गरिने खेती भएकोले वातावरण र पर्यावरणलाई पनि स्वच्छ बनाउन मद्दत मिल्छ । घरेलु विषादि प्रयोग गरिने भएकोले कम खर्चमा धेरै उत्पादन गर्न सकिन्छ साथै यसले माटोको उर्वरा शक्ति बढाउँछ ।

## छात्रवृत्ति कार्यक्रम

सुप संस्थाको आफ्नो कार्यक्षेत्रको समुदायमा रहेका र त्यसभन्दा बाहिरका पढ्नमा जेहेन्दार तथा घरको आर्थिक अवस्थाले पढ्नमा वञ्चित भएका विद्यार्थीहरुलाई निरन्तर रूपमा छात्रवृत्ति प्रदान गरिदै आएकोछ । गतवर्ष काठमाडौं, कीर्तिपुर र ललितपुरमा गरी जम्मा ११२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको मध्ये ६ जना विद्याथीहरू एस.एल.सी. परीक्षामा सम्मिलित भएका थिए जसमध्ये ३ जना दोस्रो श्रेणीमा उर्त्तिण भएका छन् भने २ जनाले पुन: परीक्षामा सम्मिलित भएका छन् र १ जना विद्यार्थीले एक विषयको परीक्षामा अनुपस्थित भएको कारण उसको परीक्षा फल प्रकाशित भएन ।

यस वर्ष पनि पुरानो र नयाँ विद्यार्थीहरू गरी ११५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति दिई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता जारी गर्न सफल भएका छौं । ११५ जना विद्यार्थीहरू विभिन्न २२ वटा विद्यालयमा अध्ययनरत छन् । जसमध्ये हेटौडाका ५ जना विद्यार्थीहरूलाई पेट्रोन नेपाल नामक संस्थासंग सहकार्य गरी छात्रवृत्तिको डायरा फराकिलो पार्न सफल भएका छौं । जसले गर्दा गरीब, जेहेन्दार विद्यार्थीहरूले पढ्न पाउनु पर्ने अधिकार हाँसिल गरेका छन् भने अर्कोतिर साक्षरता प्रतिशत बढाउन मद्दत मिलेको छ ।

सुप संस्थाद्वारा सञ्चालित यस छात्रवृत्तिको लागि सुप सहयोगी सदस्यहरू (नेपाली तथा विदेशी नागरिक), CORE International तथा Scandinavian Help संग पनि सहकार्य गरिएको छ ।

## हार्दिक बधाई

"सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०६८ सालको (S.L.C.) प्रवेशिका परीक्षामा उत्तीर्ण हुनुभएका छात्राहरूलाई यस सुप संस्था हार्दिक बधाई ज्ञापन गर्नुका साथै उज्जवल भविष्यको कामना गर्दछ ।

### उत्तिर्ण छात्राहरू



पुजा बलामी
द्वितीय श्रेणी,
टिका मा.वि., सानेपा, काठमाडौं



मनदेवी महर्जन
द्वितीय श्रेणी,
गोर्खानाथ मा.वि., कीर्तिपुर



रविना महर्जन
द्वितीय श्रेणी,
टौदह उच्च मा.वि., कीर्तिपुर

# बाल बालिकाहरूले पढ्न पाउनु पर्छ भन्ने नाराका साथ बालशिक्षा गृह

सुप संस्थाद्वारा वि.सं २०६४ साल देखि आर्थिक रुपले विपन्न वर्ग जो कामको खोजीमा बसाईसराई गरेर शहर आएका न्यून आर्थिक स्थिति भएका र पारिवारिक समस्या तथा विभिन्न कारणबाट विद्यालय जान नपाएका बाल-बालिकाहरूलाई पढ्न पाउनु पर्छ भन्ने नाराका साथ कालिमाटीस्थित बालशिक्षा गृह सञ्चालन गरिएको छ। जहाँ न्यून आर्थिक स्थिति भएका परिवारको बालबालिकाहरूलाई नियमित रुपमा अध्ययन अध्यापन गराउँदै आई रहेको छ ।



यस बालशिक्षा गृहमा विहान १० बजे देखि ३ बजेसम्म बाललालिकाहरूलाई स्कूल तयारी कक्षाका साथ साथै व्यवहारीक शिक्षा पनि प्रदान गराईन्छ । वार्षिक रुपमा बालबालिकाहरूको लागि विभिन्न कार्यक्रम जस्तै:- वार्षिक ३ पटक स्वास्थ परिक्षण, १ पटक ऐतिहाँसिक स्थल भ्रमण, आवश्यकता अनुसार अविभावक बैठक, यस्तै अन्य संस्थाबाट सञ्चालन गरिएका बाल कक्षा अवलोकन भ्रमण गराउनु साथसाथै थप क्रियाकलाप जस्तै चित्रकला र सरसफाई कार्यक्रमहरू पनि गर्दै आएको छ । बाल शिक्षा गृहको मुख्य उद्देश्य भन्नु नै एक वर्षको अनौपचारिक कक्षा पढे पछि अर्को वर्ष विद्यालयमा पढाउनको लागि सक्षम बनाउनु हो ।



वि.सं. २०६९ सालसम्म जम्मा २३५ जना बालबालिकाहरूले पढ्न पाउनु पर्ने अधिकार हाँसिल गरी सुप छात्रवृत्ति अन्तर्गत सरकारी विद्यालयमा भर्ना भै सकेका छन् जस मध्ये ६ जनाले S.L.C उत्तिर्ण गरिसकेका छन् भने यस वर्ष जम्मा २४ जना बालबालिकाहरू बालशिक्षा गृहमा अध्ययनरत् छन् ।

### सामाजिक सेवामा समर्पित नेपाली ................

सदस्यहरू प्रति हामी सुप परिवार आभारी छौं । अहिले "सुप"ले गर्दै आएको काम मध्ये आर्थिक अभावका कारण पढ्ने ईच्छा हुँदाहुँदै पनि आफ्नो पढाई छोड्न मजबूर विद्यार्थीहरूका लागि छात्रबृत्ति जुटाउने कार्य पनि एक हो। एकजना विद्यार्थीका लागि वार्षिक खर्च रू. ४०००।- देखि रू. ५०००।- सम्मको (विद्यालय अनुसार फरक - फरक शुल्क) सहयोग लिई पवित्र शिक्षा दान गर्ने वातावरण "सुप"ले बनाई सकेको छ । आफ्नो ईच्छा र सामर्थ्य अनुसार वार्षिक रु १०००।- देखि मासिक रू. ५०००।- सम्म शिक्षाका लागि खर्चिनु भएको छ सुप सहयोगी सदस्यहरूले । यसमा सुप परिवार गौरव गर्न चाहन्छौं किनकी एक हातले मात्र ताली अवश्य बज्दैन । हालसम्म सुपले थोरै काम गरेपनि गरेका कामहरू प्रभावकारी हुनुको श्रेय सहयोगी सदस्यहरूलाई नै जान्छ उहाँहरूले गर्नु भएको सहयोग प्रति सुप सदस्य जिम्मेवार हुनु हो इमानदार हुनु हो। सुप सदस्यलाई अझ जिम्मेवार बनाउन सहयोग कार्यलाई निरन्तरता दिई एकजना आफ्नो तर्फबाट नयाँ सहयोगी सदस्य समेत बनाउन पहल गर्नु हुने छ भन्ने अपेक्षा सुपले गरेको छ।

बेला मौकामा आर्थिक संकलनका केही योजना (सुप टि शर्ट, सुप कलम, कितावहरू विक्री) हामीले अघि सारेका छौं। यी सबै कार्यक्रम योजना सफल हुनुमा यहाँहरूको सहयोग नै हो। वास्तवमा नेपालीहरू धनले नभए पनि मनले साह्रै धनी छन् । आफ्नो गच्छे अनुसार भित्री मन देखि सहयोग गर्छन् । त्यसैले त सुपले भन्दै आउने गरेको छ "पैसा हुने ले पैसा दिउँ, समय हुनेले समय दिउँ, समय र पैसा दुबै नहुनेले सुपलाई माया गर्ने मन दिउँ" । तपाईहरुको माया ममता र खवरदारीबाट नै "सुप" सही कार्य र सही मार्गमा अग्रसर हुन सक्तछ । अत: यहाँहरूको सहयोगी हातहरू एकमाथि अर्को गर्दै थप गर्न गराउन हामी अझ प्रयत्नशील होऔं ।

हाम्रा सहयोगी हातहरू मार्फत आर्थिक वर्ष २०६८/६९ मा ४६ जना सहयोगी सदस्यहरूले जम्मा रू. ३,६२,७६४।- सुप संस्थालाई सहयोग गर्नु भएको छ । छात्रवृत्तिमा २५ जना सहयोगी सदस्यहरूले जम्मा रू. २०५,५४५.७ सहयोग गर्नुभएको छ भने भवन निमार्णको लागि शुरु देखि २०६९ असार मसान्त सम्ममा जम्मा १३१ जनाले जम्मा रू. ३०,३३,९२५.४७ बराबरको नगद तथा जिन्सी सहयोग गर्नु भएको छ । अस्तु ।

# “सुप”को कार्य क्षेत्र विस्तारको संगै अर्को नयाँ महिला समूह चयन

सुप संस्थाद्वारा नयाँ समुदाय चयन गर्ने क्रममा यस वर्ष कीर्तिपुर वडा नं. १५ स्थित क्वार (च्यूईगाउँ) काठमाडौबाट १२ कि.मि.को दुरीमा पर्ने नेवारी बस्तीलाई चयन गरिएको थियो । यस समुदायमा ११० घरधुरी रहेको छ भने जम्मा ३९१ जनसंख्या बसोबास गरिरहेको पाइन्छ ।

क्वार नगरपालिका क्षेत्र भित्र पर्ने भएता पनि त्यहाँका महिलाहरूमा जनचेतनाको कमि, व्यापारिक सीप र ज्ञान नहुनुका कारण त्यहाँका महिलाहरू आफूसंग खेती योग्य जमिन भैकन पनि ज्याला मजदुरीमा मात्र निर्भर रहेका छन् । जनचेतनाको अभावका कारण यहाँका महिलाहरू पिछडिएको अवस्थामा रहेको पाइन्छ ।





विं.सं. २०६० सालमा एक महिलाको आफ्नो बच्चा बिरामी परेर अस्पताल लानु परेको बेला उहाँलाई रू. ५००।- पनि नभएपछि वरपरको छिमेकीसंग गुहार माग्दासमेत नपाए पश्चात महिलाहरू मिली २०६०-३-५ गते “ज्वजलपा माँ पुच:” महिला समूह गठन गरी बचत गर्न शुरु गरेका थिए । उक्त महिला समूहमा हाल ५४ जना महिलाहरूले असार मसान्तसम्म रु. ३,१०,०००/- जम्मा गर्न सफल भएका छन् । यसरी बचत त शुरु भयो तर त्यहाँका महिलाहरूलाई राम्रोसंग हिसाब किताबको ज्ञानमा कमि थियो ।

त्यसै अनुरुप हाल कोर इन्टरनेशनलको सहयोगमा सुप संस्थाले ज्वजलपा माँ पुच: का महिलाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उहाँहरूले गर्दै आउनु भएको बचतलाई सहज ढंगबाट हिसाब किताब राख्न लेखा सम्बन्धी तालिमहरु दिइएको थियो । त्यस्तै गरि उहाँहरूको क्षमता अभिवृद्धिको क्रममा विभिन्न क्षमता अभिवृद्धिका तालिमहरू जस्तै: नेतृत्व विकास तालिम, समुह व्यवस्थापन तालिम, द्वन्द व्यवस्थापन तालिम तथा आय मुलक कृषि तालिम प्रदान गरि ज्वजलपा माँ पुच:का महिलाहरूको क्षमता अभिवृद्धि गर्ने कार्य गरियो । जसबाट हाल उहाँहरू हिसाब राख्न सक्षम हुनु भएको छ भने आधुनिक कृषि पद्धति अपनाइ आ-आफ्नो आय आर्जनमा वृद्धि गर्न सफल हुनु भएको छ ।

आउँदा दिनहरूमा त्यहाँका महिलाहरूलाई थप आधुनिक कृषि तालिमको अलावा नगरपालिका, वडा कार्यालय, कृषि कार्यालय र अरु संघ संस्थाहरूसंग कसरी सहकार्य गर्ने भन्ने सम्बन्धमा ज्ञान दिने र क्वार महिला समूहलाई मच्छेगाउँ महिला समूहमा लगि दुईवटा समूह विच जैविक कृषि तथा एकिकृत मित्र जीव व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गराउने जस्ता कार्यक्रमहरू गरिने छ । जसले गर्दा क्वारका महिला समूह एउटा दक्ष कृषक भै नमूनाको रुपमा चिनिनेछ र अरु गाउँ ठाउँमा गई अरुलाई पनि सिकाउन सक्षम बन्ने छ ।



# जैविक कृषि तालिम पश्चात सक्षम एकल महिलाहरू

शहरी गरीबहरूको लागि समाज (सुप) को आयोजनामा गत वर्ष मच्छेगाउँ एकल महिला समूहलाई सक्षम बनाउने उद्देश्यले चार महिने जैविक कृषि तथा एकिकृत मित्र जीव व्यवस्थापन तालिम प्रदान गरिएको थियो ।

उक्त तालिम पश्चात मच्छे गाउँ एकल महिला समूहका न्हुछेमाया श्रेष्ठले समूहमा रु ६,०००/- ऋण लिई १ रोपनी जग्गा भाडामा लिई गोलभेडा खेती गरि करिब चार महिना भित्र २०० के.जी. गोलभेडा उत्पादन गरि रु.१२,०००/- आम्दानी गर्न सक्षम हुनु भएका छन् । घर परिवारको सहयोग विना गर्नु भएको खेतीबाट उनले घर खर्च गरि आत्म निर्भर भै जिविका निर्वाह गर्दै आउनु भएको छ ।



त्यस्तै गरी अर्को एकल महिला समूहकी सदस्य शान्ती महर्जनले आफ्नो जग्गामा गोलभेडा खेती गरी करिब १८० के.जी. गोलभेडा उत्पादन गरि रू. १०,८००/- आम्दानी गर्न सक्षम हुनु भएको छ ।

घरको कामकाजमा मात्र सीमित रहेका एकल महिला समूहकी सदस्य बिमला रोक्का र ज्ञानी रोक्का समूहमा आवद्ध भए पश्चात थुप्रै नयाँ नयाँ कुराहरू सिक्न पाएको अनुभव बताउनु हुन्छ । अहिले उहाँहरू कृषि तालिम पश्चात समूहबाट केहि ऋण लिई दुईजनाले सामुहिक रुपमा गोलभेडा खेती गरी किसानी पेशा अपनाउन थाले पछि उहाँहरूले करिब ४ महिना भित्र ८०० के.जी. गोलभेडा उत्पादन गरि रु. ४८,०००/- आम्दानी गर्न सक्षम हुनु भएको छ । आज तरकारी खेतीमा आफ्नो नयाँ पहिचान बनाउन सफल हुनु भएकी ज्ञानी रोक्का र बिमला रोक्का आई.पि.एम. सिद्धान्तद्वारा उत्पादनलाई वृद्धि गरि स्वस्थ्य बाली उत्पादन गरि विषादी रहित तरकारी बिक्री गरि आफ्नो आय आर्जनमा वृद्धि गर्न पाएकोमा धेरै नै खुशी हुनुहुन्छ साथै आफूहरूले र परिवारले पनि स्वस्थ्य र ताजा तरकारी खान पाएका छौ भनेर खुशी व्यक्त गर्नु हुन्छ ।

त्यस्तै गरि अर्को एकल महिला समूहकी सदस्य बच्ची रोक्का र राम कुमारी मानन्धरले आई.पि.एम. तालिम पछि आफ्नो बारीमा गोलभेडा लगायत अरु तरकारीहरू आई.पि.एम. पद्धतीबाट खेती गरि आफ्नो घर परिवारलाई ताजा र स्वस्थ्य तरकारी ख्वाउन सफल भएको बताउँछिन् ।

**शहरी गरीबहरूको लागि समाज (सुप)**
सानेपा, साँचल-२, ललितपुर

## वासलात
आ.व. २०६८/०६९

| गत वर्ष रू. | दायित्वहरू | अनुसूची | यस वर्ष रू. |
|---|---|---|---|
| ३४,२२०/- | पूँजी | | ३४,२२०/- |
| २,८२१,११५/७५ | गत वर्ष | | २,८८५,१३१/८२ |
| ८३,३३६/२० | यस वर्ष | | १०१,७९१/३२ |
| २८७,३२३/१७ | ऋण तथा तिर्नुपर्ने | ४ | ९२,५००/- |
| २,४८१,९६७/०४ | भवन निर्माण कोष | | ३,०३३,९२५/४७ |
| ५,७०७,९६२/१६ | जम्मा | | ६,१४७,५६८/६१ |
| **गत वर्ष रू.** | **सम्पत्तिहरू** | **अनुसूची** | **यस वर्ष रू.** |
| ४,१८०,८३३/७७ | स्थिर सम्पत्ति | ७ | ४,५०८,६८५/७७ |
| ५०,०००/- | अन्य सम्पत्ति | ५ | ३१,०००/- |
| १,४२१,०६५/३० | नगद तथा बैंक | ३ | १,५९८,२२७/८४ |
| ५६,०६३/०९ | पेश्की | ६ | ९,६५५/- |
| ५,७०७,९६२/१६ | जम्मा | | ६,१४७,५६८/६१ |

| विद्यालक्ष्मी मानन्धर | श्रीकृष्ण महर्जन | पूर्ण बहादुर महर्जन | उकुलाल महर्जन |
|---|---|---|---|
| कार्यक्रम संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

# जागरुक सडक व्यापारीहरू

सुप संस्थावाट विभिन्न समुदायमा महिला समूह गठन गरि उनीहरूको व्यक्तिगत तथा सामुदायिक परिवर्तनको लागि सक्षम बनाई आर्थिक स्तरमा वृद्धि गर्न सहयोग पुऱ्याउँदै जाने उद्देश्य अनुरुप काठमाडौं महानगर पालिका १३ वडा कालिमाटी तरकारी बजार वरपर बाहालमा बसोवास गर्दै आएका, दैनिक काम गरि आफ्नो दैनिक व्यवहार टार्दै आएका महिलाहरूलाई बचत तथा ऋण कार्यक्रम मार्फत समूहमा आवद्ध गरेका छन् ।



२०६३ साल फागुन महिनामा नौ जना महिलाहरूबाट समूहको सुरुवात गरी हप्ताको रु २०।- रुपैया जम्मा गर्न शुरु गरियो । २०६४ साल देखि केही सदस्य सख्यामा वृद्धि हुँदै गयो । यो समूहको "जागरण वचत तथा ऋण समूह" नामाकरण गरियो ५ जनाको कार्य समिति समेत गठन गरियो । यो समूहमा महिलाहरू मात्र नभई पुरुष सदस्यहरू पनि बस्न पाइने नियम वनाइयो । वचत रकम पनि विस्तारै वृद्धि हुँदै गयो र ऋणको कारोबार पनि हुँदै गयो । यसबाट महिलाहरूलाई सानो तिनो व्यापार गर्न प्रेरणा मिल्यो ।

हाल २०६९ साल असारसम्म यस समूहमा १२९ जना सदस्यहरू छन् । यस समूहको सामूहिक बचत ६,७८,५९६/- छ भने ऋण २,७३,८७३/- पुगेको छ । यस समूहका सदस्यहरू सडक व्यापारी, घरमा काम गर्ने, भारी बोक्ने, ज्याला मजदुरी गर्ने र कारखानामा काम गर्ने आदि छन् । यस समूहका सदस्यहरूले दैनिक, साप्ताहिक र मासिक रुपमा वचत गर्छन् । थौरे व्याजमा ऋण लिन पाउने भएको ले सदस्यहरू खुशी छन् । यस समूहबाट ऋण लिएर आफ्नो काम र व्यवसायमा परिवर्तन ल्याएका छन्, कसैले आफ्नो कोठामा सामानहरू जोडेका छन् भने कसैले सानो तिनो सुनको गहना समेत वनाएका छन् । जे होस् यो समूहले गरीब महिला दिदी-बहिनीहरूको आर्थिक स्थिति सुधार गर्नमा मद्दत पुगेको छ ।

कालिमाटी जागरण वचत तथा ऋण समूह राम्रो हुँदै गएको देखेर बल्खु तथा टेकूका दिदी-बहिनीहरूले समूह वनाई दिनु हुन सुप संस्थालाई अनुरोध गरेपछि २०६५ साल माघ महिनामा बल्खु टेकू जागरण बचत तथा ऋण समूह गठन गरियो । शुरुमा यस समूहमा १० सदस्य थियो । मिति २०६९ असार मसान्त सम्म यस समुहको सदस्य संख्या ७६ जनाको सामूहिक वचत रू. २,३२,१४२.३४ पुगेको छ भने २९ जना सदस्यहरू माफ्र विभिन्न कामको लागि रू. १,९३,५९५।- ऋण प्रवाह भएको छ ।



बचत कार्यक्रम मात्र नभई अन्य कार्यक्रमहरू पनि गर्दै आएका छन् । जसले सदस्यहरू विच घुलमिल हुने र नयाँ कुराहरूको ज्ञान प्राप्त हुने वातावरण श्रृजना भएको छ । जस्तै महिनाको एक पटक मासिक बैठक, ३ महिनाको एक पटक दुई समूह विच सामुहिक बैठक, स्वास्थ्य सम्वन्धि जनचेतना कार्यक्रम अन्य समूहमा भेटघाट तथा विचार आदान प्रदान कार्यक्रम, विभिन्न आय आर्जनका तालिमहरु संचालन हुदै आएका छन् । यस समूहका सदस्यहरूले आफ्नो दु:ख-सुख पोख्ने थलोको रुपमा पनि यस समूहलाई पाएका छन् । आफ्नो पारिवारिक झै-झगडा, व्यापारिक समस्या, व्यक्तिगत समस्या भएमा यस समूहमा आएर छलफल गर्ने र सर-सल्लाह लिनेदिने गरेका छन् । जसले गर्दा महिलाहरुमा चेतना जाग्नुका साथै पहिलेको भन्दा जीवनस्तरमा सुधार भएको देखिन्छ ।

## हार्दिक श्रद्धाञ्जली



ज्ञानु खड्का

जन्म : वि.सं. १९९१/०८/०६

स्वर्गारोहण : वि.सं. २०६९/०२/२९

यस "सुप" संस्थाका सदस्य श्री जानकी खड्काकी आदरणीय पुज्य माता श्री ज्ञानु खड्काज्यूको असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

'सुप' संस्था परिवार



मदनराज महर्जन
पिलाछेँ ल.पु.-७
संस्थापक सदस्य

# गरीवी न्यूनिकरणमा सहयोगी
# "शहरी गरीवहरूको लागि समाज" (सुप)

जन्मभूमि, कर्मभूमि प्यारो सबैलाई लाग्छ । त्यस्तै आफू जन्मेर हुर्केको समाज पनि सबैलाई प्रिय हुन्छ । तर निम्न वर्गीय जनसमुदायले सुख सुविधा, उन्नति र प्रगति चाहँदा चाहँदै पनि आर्थिक विपन्नता र सामाजिक वर्गीय शिकायतबाट अनेक कठिनाई भोगिरहेको हुन्छ । समाजका त्यस्ता ग्रसित व्यक्ति तथा समुदायलाई सहज जीवन यापन गर्न राज्यको बिभिन्न निकाय र अन्य विभिन्न संघ संस्थाहरू क्रियाशिल छन् । कुनै-कुनै संस्थाहरु यस्ता पनि छन् जसले कार्यक्रमको लागि विभिन्न योजनाहरू कागजमा गर्दछन् तर जनस्तरसम्म कार्यान्वयनमा पुग्दा परिपक्वता हुँदैन । यस्ता संस्थाहरू व्यवस्थापनको लागि अधिकतम रकम खर्च गरेर कार्यान्वयन स्तरसम्म पुग्न नपाउँदै बिलिन भइसकेका हुन्छन् । हाम्रो मुलुकमा अनेक सेवाका नाराहरू अघिसारेर निर्माण गरिएका संस्थाहरूले उद्देश्य अनुरुप क्रियाशिल भएमा विपन्न वर्गहरूको संख्या कम हुँदै जाने निश्चित छ । यस्ता विभिन्न सामाजिक संस्थाहरू मध्ये शहरी गरीवहरूको लागि आर्थिक तथा सीप सशक्तिकरणको उद्देश्य राखि क्रियाशिल हुँदै आइरहेको "शहरी गरीवहरूको लागि समाज "Society for Urban Poor (SOUP)" ललितपुर, संस्था एक उदाहरणीय बन्दै आइरहेको छ । स्ववासि शहरी विपन्न वर्गहरूलाई लक्षित गरी स्थापना गरिएको यस संस्थाले शहरी गरीवहरूको अलावा अर्ध शहरी, दुर्गम तथा सुगम ग्रामिण भेगवाट शहरमा आई रोजगार गरी बसेकाहरूलाई समेत समेटेर यस संस्थाले कार्यक्रम संचालन गर्दै आइरहेको छ । यसरी गरीवहरुलाई आत्मा निर्भर गराउने आर्थिक र वौद्धिक सशक्तिकरण गर्ने कार्यमा निरन्तररुपमा सघाउ पुऱ्याउँदै आइरहेको यस संस्थासंग सम्वन्धित, परिचित र लाभान्वित व्यक्तिहरू तथा समुदायहरू आभारी तथा प्रशंसाको पात्र बन्दै आइरहेको हामीले पाइरहेका छौं ।

जनस्तरबाट तथा अन्य सहयोगी दातृ संस्थाबाट विभिन्न किसिमको आर्थिक तथा भौतिक सहयोग संकलन गरी कोष खडा गरी संचालन गर्दै आइरहेको यस संस्थाले आफ्नै "सुप श्रोत केन्द्र भवन" सानेपामा निर्माण गरी व्यवस्थित र प्रभावकारी ढंगले कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । संस्थाको आफ्नै भवन निर्माण सम्पादन गर्नु कुशल व्यवस्थापन र विश्वसनिय सेवाको प्रतिफलको प्रमाण हो । संस्थागत विस्तारकै सिलसिलामा पनि अझ वढी क्षेत्रमा कार्यक्रमहरू विस्तार गर्न सकिन्छ भन्ने कुरा हामी सवैलाई विश्वास छ । गरीवहरूको आत्मा सम्मान गर्न, सेवा गर्न लालायित सम्पन्न तथा मध्यम वर्गिय व्यक्ति र परिवारहरूले यस संस्थाको (आर्थिक) सहयोगी सदस्य भई आर्थिक सेवा प्रदान गरिरहेको हुँदा विभिन्न कार्यक्रमहरू संचालन गर्न सहज हुँदै आइरहेको पाउँछौं । सहयोगीहरूको सहभागी अभिबृद्धि हुनु भनेको यस संस्थाको आदर्श निस्वार्थ, तथस्ट भावनाको उजागर हुनु हो । यसरी स्वच्छ भावनाले अभिप्रेरित संस्थालाई हामी सवैले तन, मन, धनले सहयोग गर्नुपर्छ भन्ने भावना जगाउनु पर्दछ ।

वर्तमान देशकाल परिस्थितिमा रही नियालेर हेर्दा शहरी गरीव होस् या ग्रामिण गरीव होस् दुई छाक खान धौ-धौ भइसकेको छ । यहाँ देश र गरीव शोषित पीडित जनताहरूलाई न्याय र उद्धारको आँखाले हेरी दिने जमातको हाहाकार हुँदै आइरहेको छ । उच्च पदस्थ र उच्च धनाध्य जमातहरूले वर्तमान खलबलिएको सामाजिक वातावरणलाई बेवास्ता गरी पद र धनको चक्करमा देश र जनताको परवाह गर्न छोडि रहेकाछन् । निमुखा किसान मजदुर जनताहरूलाई उकास्ने सोच, दृष्टि रहेको भन्ने कुनै आभास भई रहेको छैन । तिब्र रुपमा शोषण र दमनको ब्यवहार हुँदै आईरहेको हुँदा निम्न वर्गिय जनताहरू झन्-झन् निरास वन्दै गइरहेका छन् । यस्ता अन्यौलमय जनताहरूको भविष्य प्रति चिन्ता लिनेको अभाव भईरहेको छ । यस्तो परिस्थितिमा गैह्र सरकारी सामाजिक संस्थाहरूले गरीव जनताका सहयोगी बनी कार्य गर्न नितान्त जरुरी भईरहेको छ । तसर्थ हाम्रो "शहरी गरीवहरूको लागि समाज" SOUP जस्ता संस्थाहरूले आफ्नो सक्रिय भुमिका निर्वाह गरेमा निमुखा पिडित जनताहरूको चेतनामा रुपान्तरण हुने आशा गर्न सकिन्छ । साथै निमुखा जनता प्रति अन्यायपूर्वक दमन गरी वेवास्ता गर्ने सामन्ति सोच स्वभावका निर्दयी व्यक्तिहरूलाई सद्वुद्धि पलाउन पनि सघाउने आशा राख्दछु ।




## शुभ-कामना

**२०६९ सालको शुभ-विजया दशमी, ने.सं. ११३३**
**तथा**
**शुभ दिपावलीको उपलक्ष्यमा**

सम्पूर्ण "सुप संस्था"का हितैषी, सहयोगी सदस्यहरू तथा विभिन्न संघ-संस्थाहरूमा हार्दिक मंगलमय शुभ-कामना ।

शहरी गरीबहरूको लागि समाज "सुप" परिवार



# "सुप" संस्था र युथ कर्नर क्लबको समन्वय र सहकार्य विचको सम्बन्ध

काठमाण्डौ महानगरपालिका वडा नं. २१ गोफल टोलमा अवस्थित युथ कर्नर क्लब जनकल्याणकारी विविध सामाजिक कार्य गर्ने उद्देश्यले वि.सं.२०३२ सालमा स्थापना भएको एउटा समुदायमा आधारित जनकल्याण संस्था हो । यस क्लबद्वारा स्थापना काल देखि विभिन्न सामाजिक कार्यहरू गर्दै आफ्नो टोल वडाको विकासका कामहरू गर्दै आई रहेकोमा शहरी गरीवहरूको लागि समाज, (सुप) संस्थाको समन्वय र सहकार्य पछि युथ कर्नर क्लबले आफ्नो सामाजिक कार्यमा विशेष गरी महिला र बालबालिकाको विकासमा अझ राम्रो विस्तार गर्न सफल भएको हो ।

महिला तथा बालबालिकाहरूको सशक्तिकरण गर्ने उद्देश्यले केहि महिला समूहहरू (माँ पुचः, नलिमिसा पुचः, न्हू पुचः, लजगा पुचः) गठन गरि उनीहरूको साक्षरताका लागि महिला प्रौढ कक्षा, क्षमता अभिबृद्धिका लागि उद्घोषण तालिम, नेतृत्व विकास, बचत, वातावरणीय सरसफाई अन्तरगत घरेलु स्तरीय कम्पोष्ट मल बनाउने तालिम तथा घरेलु फोहर ब्यवस्थापन, सीप विकास तथा आय आर्जनका लागि डल्लो साबुन बनाउने तालिम, खाना पकाउने जस्ता विभिन्न कार्यक्रमहरू गरियो जसबाट २१ वडाका महिलाहरू तथा छिमेकी वडाका महिलाहरू समेत आज निक्कै ब्यस्त र आय आर्जन गर्न सक्षम भएका छन् । पहिले जथाभावी फोहोर फाल्ने महिलाहरू आज घर घरमा घरेलु कम्पोष्ट विन राखी वातावरणीय सुधारका लागि सभ्य नागरिकका रुपमा उदाहरण बनेका छन् । यस कार्यका लागि युथ कर्नर क्लबले समुदायको तर्फबाट ठूलो भूमिका निर्वाह गर्दै गरिरहेको छ ।

"सुप संस्था" र "युथ कर्नर क्लब"ले आ-आफनो तर्फबाट महिलाहरूको उत्थानका लागि सक्रिय समन्वय र सहकार्य गरी काम गरेपछि परिणाम स्वरुप गोफल टोलमा "गोफल पलाञ्चोक भगवती बचत तथा ऋण सहकारी संस्था लिमिटेड" नामक सहकारी संस्था दर्ता भई हाल करोडौंको कारोबार गर्न सक्षम भएको छ । त्यस्तैगरी युथ कर्नर क्लबको सहकार्यबाट सुप संस्थाको कोषवृद्धि कार्यक्रम पनि गर्दै आएको छ । जस अन्तरगत २०५९ सालदेखि विदेशीहरूसंग साँस्कृतिक आदान-प्रदानको Home-stay कार्यक्रमबाट एकातिर साँस्कृतिक आदान प्रदानमा सहयोग पुऱ्याएको छ भने अर्कोतिर समुदाय, क्वल तथा सुप संस्थाको कोष वृद्धि योजनामा सहयोग पुगेको छ ।

सुप संस्थाको कार्यक्षेत्रमा रहेका समुदायमा आधारित संस्थाहरूसंग सहकार्य गरी त्यस क्षेत्रको उत्थान कार्यगर्ने लक्ष्य अनुरुप २०५१ सालबाट युथ कर्नक्लबसंग सुप संस्थाले साझेदार संस्थाको रुपमा सहकार्य शूरु गरिएको थियो जसको निरन्तरता हाल सम्म पनि कायम नै छ । अहिले सुप संस्था र युथ कर्नर क्लबको सहकार्यमा आर्थिक रुपले पछाडी परेका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम लगायत माथि उल्लेखित कार्यहरू सुचारु रुपमा अघि बढिरहेको छ । यो सामाजिक सहकार्य समन्वय र सद्भाव आगामी दिनहरूमा अझ् बढ्न गई झन् प्रगाढ हुदै जानेछ भन्ने विश्वास यस सुप संस्थाले लिएको छ । विगत समय देखि हालसम्म युथ कर्नर क्लबले "सुप"लाई गरेको सहयोग प्रति आभार व्यक्त गर्दछ र भविष्यमा पनि यस किसिमको सहकार्य र समन्वयको अपेक्षा राख्दछ ।

## "सुप" सहयोगी सदस्यहरूको फोटो परिचय


मञ्जु सिंह राणा


राजराजेश्वरी मल्ल


नरमदेश्वरी मल्ल


शिशिर दंगाल


रेणु मानन्धर


अर्चना जोशी


शोभा श्रेष्ठ


जीवन धिताल


बेनकण्ठ माकजु